NABIL BANK®

नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था

च.नं. 93/CS/2082/83

मिति : २०८२/१०/१३

श्री नेपाल धितोपत्र बोर्ड
खुमलटार ललितपुर ।

श्री नेपाल स्टक एक्सचेञ्ज लि.
युएनआई शान्तिमार्ग
भद्रकाली, काठमाडौं ।

श्री सिडिएस एण्ड क्लियरिंग लि.
नेपाल शेयर मार्केट बिल्डिंग
पुतलीसडक, काठमाडौं ।

**विषय : ४१ औं वार्षिक साधारणसभाको काम कारवाहीको/निर्णय विवरण (माइन्यूट) सम्बन्धमा ।**

महोदय,

यस नबिल बैंक लिमिटेडको मिति २०८२/०९/२८ गते, सोमवार त्रिभुवन आर्मी अफिसर्स क्लब, भद्रकाली, काठमाडौंमा सम्पन्न ४१औं वार्षिक साधारणसभाको काम कारवाहीको/निर्णय विवरण (माइन्यूट) यसै पत्रसाथ पेश गरिएको व्यहोरा अनुरोध छ ।

धन्यवाद ।

भवदीय,

भिष्म नेउपाने
कम्पनी सचिव

NABIL BANK® HEAD OFFICE Teendhara, Kathmandu

**संलग्नः**

१. ४१ औं वार्षिक साधारणसभाको काम कारवाहीको/निर्णय विवरण (माइन्यूट) ।

# नबिल बैंक लिमिटेडको
# ४१औं (एकचालीसौं) वार्षिक साधारण सभाको
# काम-कारबाहीको विवरण (माइन्यूट)

१. **वैधानिक सभा :**

कम्पनी ऐन २०६३ र बैंकको नियमावली बमोजिम बैंकको ४१औं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री उपेन्द्र प्रसाद पौडेलज्यूको अध्यक्षतामा तल उल्लिखित मिति, स्थान र समयमा बसी देहायका विषयहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय भयो ।

२. **सभाको मिति, स्थान र समय :**

मिति : २०८२ साल पौष २८ गते, सोमवार (तदनुसार १२ जनवरी २०२६) ।

स्थान : त्रिभुवन आर्मी अफिसर्स क्लब, भद्रकाली, काठमाडौं ।

समय : बिहान ११:१५ बजे प्रारम्भ भई दिउँसो ०३:.२५ बजे सम्पन्न भएको ।

३. **सभाको सूचना :**

कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम बैंकको ४१औं वार्षिक साधारण सभाको सूचना तथा बैंकको आ.व. २०८१/८२ संक्षिप्त वित्तीय विवरण मिति २०८२ साल पौष ७ गतेको "आर्थिक अभियान" राष्ट्रिय दैनिकमा र २०८२ साल पौष १४ गतेको "नेपाल समाचारपत्र" राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको थियो । त्यसैगरी उल्लिखित साधारणसभाको सूचनामा प्रकाशित QR Code लाई स्क्यान गरेर बैंकको वार्षिक प्रतिवेदन सजिलै डाउनलोड गर्न सकिने व्यवस्था समेत मिलाइएको थियो । साथै, आवश्यकता अनुसार उक्त सूचना सहितको बैंकको वार्षिक आर्थिक विवरण तथा सभामा छलफल गरिने विषयहरू शेयरधनी महानुभावहरूको यस बैंक समक्ष उपलब्ध गराइएको ठेगानामा समेत पठाइएको थियो ।

४. **छलफलको विषय :**

(क) **सामान्य प्रस्ताव :**

१. सञ्चालक समितिको प्रतिवेदन २०८१/८२ पारित गर्ने,

२. लेखा परीक्षकको प्रतिवेदन सहितको २०८२ साल आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण तथा सोही मितिमा समाप्त आ.व. २०८१/८२ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु स्वीकृत गर्ने,

३. यस बैंकका सहायक कम्पनीहरू नबिल ईन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड र नबिल स्टक डिलर लिमिटेड को आ.व. २०८१/८२ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण स्वीकृत गर्ने,

४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम साधारण शेयरधनीहरुलाई चुक्ता पूँजीको १२.५० प्रतिशत नगद लाभांश (नगद लाभांशमा लाग्ने कर समेत) ले हुने रकम रू.३,३८,२१,२४,५९१/१३ (अक्षरेपी तीन अर्ब अठतीस करोड एक्काइस लाख चौबिस हजार पाँच सय एकानब्बे रुपैँया र तेह्र पैसा मात्र) नगद लाभांश वितरण गर्ने स्वीकृत गर्ने,

५. आ.व. २०८२/८३ (सन् २०२५/२६) का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने,

६. स्वतन्त्र सञ्चालक नियुक्तीको जानकारी सम्बन्धमा (बैंक सञ्चालक समितिको मिति २०८१/१०/१४ मा सम्पन्न बैंकको ६७३औं वैठकले स्वतन्त्र सञ्चालकमा श्री सरिता भट्ट अधिकारीलाई ४ वर्षको लागि नियुक्त गरेको), र

७. संस्थापक शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पद एक (१) को निर्वाचन गर्ने ।

(ख) **विशेष प्रस्ताव :**

१. आ.व. २०८१/८२ मा संस्थागत सामाजिक उत्तरदायित्व अर्न्तगत भएको खर्च कम्पनी ऐन, २०६३ को दफा १०५(१)(ग) को प्रयोजनका लागि अनुमोदन गर्ने,

२. बैंकको नियमावलीको नियम २क(छ), ४(४), ६(२), २१(३), ३१(३) र ४१(२५) मा रहेको विद्यमान व्यवस्थामा आवश्यक संशोधन स्वीकृत गर्ने तथा प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट फेरबदलको सुझाव प्राप्त भएमा आवश्यक परिमार्जन तथा समायोजन गर्न सञ्चालक समिति (वा समितिले तोकेको व्यक्ति) लाई अख्तियारी दिने, र

३. नबिल बैंक लिमिटेड र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्था(हरु) एक आपसमा गाभ्न/गाभिन (मर्जर गर्न वा प्राप्ति (एक्विजिसन) गर्न) तथा वैदेशिक रणनीतिक साझेदारीमा जान उपयुक्त देखिएमा बैंकको चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्यांकनका लागि मूल्यांकनकर्ता नियुक्त गर्न, गाभ्ने र गाभिने वा प्राप्ति गर्ने सम्बन्धी सम्झौता गर्न, वैदेशिक साझेदारीमा जाने सम्बन्धी निर्णय गर्न तथा सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्य अगाडि बढाउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

(ग) **विविध :**

५. **उपस्थिति :**

५.१ **सञ्चालकहरु :**

| | | | |
|---|---|---|---|
| १. | श्री उपेन्द्र प्रसाद पौडेल | : | अध्यक्ष |
| २. | श्री निर्वाण कुमार चौधरी | : | सञ्चालक |
| ३. | श्री मलय मुखर्जी | : | सञ्चालक |
| ४. | श्री अनन्त पौड्याल | : | सञ्चालक |
| ५. | श्री प्रविन टिवडेवाला | : | सञ्चालक |
| ६. | श्री सईद मन्सुर मुस्तफा | : | सञ्चालक |
| ७. | श्री सरिता भट्ट अधिकारी | : | स्वतन्त्र सञ्चालक |

NABIL BANK HEAD OFFICE Teendhara, Kathmandu

## ५.२ व्यवस्थापन पदाधिकारी :

| | | | |
|---|---|---|---|
| १. | श्री मनोज कुमार ज्ञवाली | : | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री भुपेन्द्र पाण्डे | : | नायब प्रमुख कार्यकारी अधिकृत |
| ३. | श्री आदर्श बजगाई | : | नायब प्रमुख कार्यकारी अधिकृत |
| ४. | श्री गणेश प्रसाद अवस्थी | : | नायब महाप्रबन्धक |
| ५. | श्री ज्ञानेन्द्र प्रताप शाह | : | नायब महाप्रबन्धक |
| ६. | श्री परमेश्वर श्रेष्ठ | : | सहायक महाप्रबन्धक |
| ७. | श्री राजेन्द्र प्रसाद अधिकारी | : | सहायक महाप्रबन्धक |
| ८. | श्री सुबोध लोहनी | : | प्रमुख– आन्तरिक लेखापरीक्षण विभाग |
| ९. | श्री सन्दिप बाबु पौडेल | : | प्रमुख– वित्त तथा रणनीति विभाग |
| १०. | श्री भिष्म नेउपाने | : | कम्पनी सचिव तथा प्रमुख कानून |

## ५.३ अन्य :

| | | | |
|---|---|---|---|
| १. | श्री गायत्र श्रेष्ठ (सहायक रजिष्ट्रार) | : | पर्यवेक्षक– कम्पनी रजिष्ट्रारको कार्यालय |
| २. | श्री चक्र बहादुर घर्ती (सहायक रजिष्ट्रार) | : | पर्यवेक्षक– कम्पनी रजिष्ट्रारको कार्यालय |
| ३. | श्री ज्ञानेन्द्र बहादुर भारी | : | बाह्य लेखापरीक्षक– साझेदार, BRS Neupane & Co., Chartered Accountants |
| ४. | श्री सुदर्शन राज पाण्डे | : | आन्तरिक लेखापरीक्षक – साझेदार, S.R. Pandey & Co., Chartered Accountants |
| ५. | अधिवक्ता वासुदेव रिजाल | : | निर्वाचन अधिकृत |

## ५.४ शेयरधनीहरुको उपस्थिति :

| उपस्थितिको विवरण | जम्मा उपस्थिति | शेयरको प्रतिनिधित्व |
|---|---|---|
| व्यक्तिगत रुपमा उपस्थित | २,३०६ | ४४,२२,३७७ |
| प्रतिनिधि मार्फत् | १६ | १५,०८,५७,५४७ |
| **जम्मा** | २,३२२ | १५,५२,७९,९२४ |

NABIL BANK HEAD OFFICE Teendhara, Kathmandu

६. गणपूरक संख्या :

| जम्मा शेयर संख्या | स्वयम् उपस्थित भै प्रतिनिधित्व भएको शेयर (क) | प्रतिनिधिपत्र मार्फत् प्रतिनिधित्व भएको शेयर (ख) | जम्मा उपस्थित (क)+(ख) | जम्मा शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|
| २७,०५,६९,९६७.२९ | ४,४२,२३,७७ | १५,०८,५७,५४७ | १५,५२,७९,९२४ | ५७.३९ |

७. सभाको वैधानिकता र सभाको अध्यक्षता :

७.१ कम्पनी ऐन, २०६३ तथा बैंकको नियमावली बमोजिम सभा बोलाइएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपूरक संख्या बाँडफाँड भएको साधारण शेयरको कुल शेयर संख्याको ५० प्रतिशतभन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीको उपस्थिति हुनुपर्ने प्रावधान बमोजिम बैंकको ४१औं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरुको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीको कुल सहभागी संख्या २,३२२ रहेको र कुल शेयरको ५७.३९ प्रतिशत प्रतिनिधित्व भएको हुँदा कम्पनी सचिवले साधारण सभाको गणपूरक संख्या पुगेको प्रमाणित गरी प्रचलित कम्पनी कानून अनुसार सभा वैधानिक भएको सभालाई जानकारी गराउनुभयो ।

७.२ कम्पनी सचिवले शेयरधनी महानुभावहरु सबैलाई स्वागत अभिवादन गर्दै आसन ग्रहणका लागि अनुरोध गर्नुभयो र तत्पश्चात् उपस्थित सञ्चालकहरु तथा प्रमुख कार्यकारी अधिकृतको परिचय गराउँदै आसन ग्रहण गर्न उहाँहरुलाई अनुरोध गरी सभाको कार्य अगाडि बढाउनुभयो ।

७.३ बैंकको नियमावलीमा व्यवस्था भए बमोजिम सभाको सभापतित्व सञ्चालक समितिका अध्यक्षले गर्ने व्यहोरा जानकारी गराउँदै बैंकको ४१औं वार्षिक साधारण सभालाई औपचारिक रुपमा सुरु गर्नका लागि मञ्चको अगाडि रहेको पानसमा बत्ती बालेर शुभारम्भ गर्नका लागि अध्यक्ष उपेन्द्र प्रसाद पौडेललाई कम्पनी सचिवले अनुरोध गर्नुभयो ।

८. ४१औं वार्षिक प्रतिवेदनको प्रस्तुति :

८.१ सभाका अध्यक्षले औपचारिक रुपमा साधारण सभा शुरु भएको घोषणा गर्दै पूर्वनिर्धारित छलफलको विषयसूची अनुसार आ.व.२०८१/८२ को सञ्चालक समितिको प्रतिवेदन साधारणसभामा पढेर सुनाउनु भयो । सर्वप्रथम अध्यक्षज्यूले शेयरधनी लगायत सभामा उपस्थित सम्पुर्ण महानुभावहरुलाई स्वागत गर्नुभयो । सञ्चालक समितिको प्रतिवेदन जानकारी गराउँदै गत आर्थिक वर्षको तुलनामा बैंकको निक्षेप दायित्वमा रु.६४ अर्ब ४७ करोड अर्थात् १३.७५ प्रतिशतले वृद्धि भई रु. ५ खर्ब ३३ अर्ब २६ करोड पुगेको छ भने कर्जा तथा सापटी रु. ३९ अर्ब ४६ करोड अर्थात् १०.२३ प्रतिशत वृद्धि भई रु. ४ खर्ब २५ अर्ब १९ करोड पुगेको, सोही अवधिमा खुद मुनाफा रु. २७ करोड ५० लाखले अर्थात्

NABIL BANK HEAD OFFICE Teendhara, Kathmandu

४.४ प्रतिशतले ह्रास भइ रु. ५ अर्ब ९२ करोड पुगेको सभाध्यक्षले सभासमक्ष जानकारी गराउनुभयो । खुद ब्याज आम्दानी, खुद शुल्क तथा कमिशन आम्दानी, अन्य सञ्चालन आम्दानीमा तथा खुद व्यापारिक आम्दानीमा वृद्धि देखिएता पनि सञ्चालन खर्च तथा गैर सञ्चालन खर्चमा आएको वृद्धिका कारणले खुद मुनाफामा ४.४४ प्रतिशतले ह्रास आएको जानकारी गराउनुभयो । समिक्षा अवधिमा बैंकको लगानी २०.४४ प्रतिशतले वृद्धि भई रु. १ खर्ब ४३ अर्ब ४५ करोड पुगेको जानकारी गराउनुभयो । पूँजी बजारमा देखिएको उतारचढावका बाबजुद बैंकको प्रति शेयर मूल्य आषाढ मसान्त २०८१ मा रु. ५२४ बाट आषाढ मसान्त २०८२ मा रु. ५४१.३७ पुगेकाले बजार पूँजीकरण सामान्य रूपले वृद्धि भएको जानकारी गराउँदै समग्रमा आ.व. २०८१/८२ मा वासलातको आकार १४.३२ प्रतिशतले वृद्धि भई रु. ६ खर्ब ३६ अर्ब ७९ करोड पुगेको सभासमक्ष जानकारी गराउनुभयो । बैंकको कुल पूँजी पर्याप्तता अनुपात नेपाल राष्ट्र बैंकद्वारा निर्देशित ११ प्रतिशतभन्दा ०.८१ प्रतिशतले बढी रहेको जसले गर्दा बैंकलाई आगामी दिनहरूमा थप व्यवसाय विस्तार गर्न आवश्यक पूँजी उपलब्ध भएको र तरलता लगायत अन्य वित्तीय सूचकहरू पनि सन्तोषजनक रहेको जानकारी गराउनुभयो । समीक्षा वर्ष २०८१/८२ मा बैंकले रु. ५ अर्ब ९२ करोड खुद मुनाफा आर्जन गरेको र खुद मुनाफाबाट विभिन्न जगेडा कोषहरूमा आवश्यक व्यवस्था गरेपछि सञ्चित मुनाफा मार्फत् रु.१२.५० प्रति शेयरका दरले नगद लाभांश बाँड्ने प्रस्ताव गरेको सभाध्यक्षले सभासमक्ष जानकारी गराउनुभयो । यस वर्ष व्यवस्था गर्नु परेको तथा अघिल्लो बर्षहरुमा व्यवस्था गरेको सम्भावित नोक्सानी व्यवस्था आगामी दिनहरूमा हुने अर्थतन्त्रको सुदृढीकरणसँगै फिर्ता हुने र भविष्यमा लाभांश वितरण गर्न सक्ने क्षमतामा वृद्धि गर्न मद्दत पुऱ्याउने विश्वास लिएको सभासमक्ष जानकारी गराउनुभयो । विगतका वर्षहरूमा बाँडफाँड गरेको नगद लाभांशका साथै बजार पूँजीकरण तथा जेथामा भएको अभिवृद्धि समेतलाई दृष्टिगत गर्दा शेयरधनीहरूले बैंकमा लगानी गर्नुभएको स्थापना कालको चुक्ता पूँजी हालसम्म आउँदा ९६० गुणाले वृद्धि गर्न बैंक सफल भएको सभाध्यक्षले सभासमक्ष जानकारी गराउनुभयो । आउँदा दिनहरूमा Fintech/Digitalization तथा AI को प्रयोगबाट वित्तीय पहुँच अभिवृद्धि गर्ने रणनीति विस्तार गर्दै लैजान बैंक सक्षम र प्रतिवद्ध रहेको जानकारी गराउनुभयो । नबिल सामाजिक उद्यमशीलता कार्यक्रम (Nabil SSE) का अन्तर्गतका कायक्रम (Certificate/ Fellowship), उद्यम सञ्चालन, रोजगारी सिर्जना तथा प्राप्त उपलब्धिहरू तथा विभिन्न क्षेत्रमा गरेको योगदानहरुको सम्बन्धमा सभामा जानकारी गराउनुभयो । नबिल बैंकले वातावरणीय संरक्षण, सामाजिक समावेशीकरण र नैतिक सुशासनलाई आफ्नो कारोबार रणनीतिको केन्द्रमा राख्दै दिगो बैंकिङ्गलाई प्रवर्द्धन गर्दै आएको जानकारी गराउनुभयो । असार मसान्त २०८२ सम्ममा बैंकले साना तथा मझौला उद्यम (SME) र कृषि क्षेत्रमा उल्लेख्य ऋण लगानी गरेको त्यसैगरी, नवीकरणीय ऊर्जा र विद्युतीय सवारी साधन (EV) जस्ता पर्यावरणमैत्री लगानी क्षेत्रमा पनि बैंकले सक्रिय भूमिका निर्वाह गर्दै ऋण वितरण गरेको समेत जानकारी गराउनुभयो । देशको प्रथम डिजिटल बैंक बन्ने लक्ष्यका साथ स्थापना भएको nBank, यस उद्देश्यलाई मूर्तरूप दिन बैंकले आफ्नो प्रणाली तथा प्रक्रियाहरूलाई पुनःसंरचना गरी डिजिटल रूपान्तरणसँग सु–सम्बद्ध तुल्याएको छ । चालु आर्थिक वर्षको तेस्रो महिनामा अर्थात् २०८२ आश्विनमा बैंकको निक्षेप दायित्व

NABIL BANK HEAD OFFICE Teendhara, Kathmandu

रु. ५ खर्ब ६६ अर्ब, कर्जा तथा सापट रु. ४ खर्ब ३६ अर्ब तथा लगानी रु. १ खर्ब ६६ अर्ब र खुद नाफा रु. १ अर्ब ७६ करोड रहेको, आषाढ मसान्त २०८२ को तुलनामा यो वृद्धि क्रमशः निक्षेप तर्फ रु. ३३ अर्ब २९ करोड अर्थात् ६.२४% र कर्जा तर्फ रु. १० अर्ब ८९ करोड अर्थात् २.५६% रहेको, आ.व. २०८२/८३ को पहिलो त्रैमास सम्ममा बैंकको कुल सम्पत्ति रु. ६ खर्ब ७६ अर्ब पुग्न सफल भएको जानकारी गराउनु भयो । चालु आर्थिक वर्ष २०८२/८३ मा बैंकले रु.५ अर्ब रुपैंया (प्रतिकित्ता अंकित मूल्य रु. १०० का दरले ५ करोड कित्ता) बराबरको **'नबिल ८% अविमोच्य असञ्चिति अग्राधिकार शेयर'** नयाँ पूँजी उपकरण जारी गरेको जानकारी गराउनु भयो । नेपाल राष्ट्र बैंक तथा नेपाल धितोपत्र बोर्डबाट अविमोच्य असञ्चिति अग्राधिकार शेयरसम्बन्धी नीतिगत व्यवस्था भएपश्चात, यस किसिमको अग्राधिकार शेयर जारी गर्ने स्वीकृति नेपाल धितोपत्र बोर्डबाट पहिलोपटक नबिल बैंकले प्राप्त गरेको हो र यस उपकरण जारी गरेपश्चात अतिरिक्त प्राथमिक पूँजीका माध्यमबाट पूँजीगत आधार बलियो भई बैंकको जोखिम वहन गर्ने क्षमता बढ्ने र व्यवसाय विस्तारमा थप सहयोग पुग्ने विश्वास लिएका सभा समक्ष सभाध्यक्षज्यूले जानकारी गराउनुभयो । भूराजनितिक परिघटनाले विश्व शान्तिमा परिरहेको दवावका साथै आन्तरिक तथा वाह्य आर्थिक परिदृष्य बाट पर्ने प्रभावलाई न्यूनीकरण गरी व्यवसाय सञ्चालनको निरन्तरता गर्न एवं भविष्यको दिगोपन (Future Sustainability) सुनिश्चित गर्न नेपालका बैंकहरुले पर्याप्त पूँजी र दबाब परीक्षण सहित वित्तीय मजवुती, दिगो वित्त (Sustainable Finance), साइवर सुरक्षा (Cyber Security), चुस्त अनुपालना, उचित Disaster Recovery र Business Continuity Plan सहित सुदृढ एवं लचक रणनीतिहरु (Strong resilience strategies) तयार गनुपर्ने टड्कारो देखिएको समेत सभाध्यक्ष पौडेलले सभासमक्ष जानकारी गराउनुभयो ।

९. **छलफलको लागि आव्हवान र सहभागी शेयरधनी महानुभावहरु :**

९.१ तत् पश्चात् बैंकको आ.व. २०८१/८२ को सञ्चालक समितिको प्रतिवेदन, २०८२ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०८१/८२ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका सम्पूर्ण विषयमाथि आ-आफ्नो मन्तव्य प्रकट गर्नुहुन र सो सम्बन्धमा कुनै प्रश्न तथा सुझाव भए मौखिक/लिखित जानकारी गराउनुहुन अध्यक्षज्यूले शेयरधनी महानुभावहरु समक्ष अनुरोध गर्नुभयो ।

सभामा देहायका शेयरधनी महानुभावहरुले छलफलको क्रममा देहाय अनुसारका प्रश्न तथा सुझावहरु व्यक्त गर्नुभएको थियो :

९.२ **छलफलमा सहभागी भई सुझाव दिनुहुने शेयरधनी महानुभावहरुको नाम:**

१. श्री जे.एन. पाण्डे हिमाली
२. श्री जीवन लाल बज्राचार्य
३. श्री लक्ष्मी बहादुर श्रेष्ठ

NABIL BANK
HEAD OFFICE
Teendhara, Kathmandu

४. श्री जयन्द्रमान सिंह बानियाँ
५. श्री शत्रुघन श्रेष्ठ
६. श्री ध्रुवराज न्यौपाने
७. मेजर कुवेर बहादुर श्रेष्ठ
८. श्री भक्ति प्रसाद उप्रेती
९. श्री गुणराज भट्ट
१०. श्री गोविन्द बास्तोला
११. श्री विरोचन श्रेष्ठ
१२. श्री प्रकाश राई
१३. श्री उत्सव श्रेष्ठ

**लिखित सुझाव दिनुहुने शेयरधनी महानुभावहरुः**

१४. प्रा.डा. रामजी प्रसाद पण्डीत
१५. श्री नरसिंहलाल चंखु
१६. श्री युगल बसेल
१७. श्री वैजुनाथ रौनियार
१८. श्री उत्तम दत्त पाण्डे
१९. श्री निरुपमा गुप्ता
२०. श्री सुदिप श्रेष्ठ
२१. श्री ब्रम्ह देव शाक्य
२२. श्री दिवाकर खड्का
२३. श्री लक्ष्मण बहादुर श्रेष्ठ

**१०. छलफलमा सहभागी तथा लिखित सुझाव दिनुहुने शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएका सुझाव, मन्तव्य तथा जिज्ञासाको सारांश :**

- नबिल बैंकमा सम्पूर्ण कुराहरुमा अनुसाशन देखिएको जानकारी गराउँदै व्यवस्थापन समेत दक्ष रहेको धारण व्यक्त । साथै, नबिल बैंकको सञ्चालक समितिमा युवा र अनुभवी सञ्चालकहरुको मिश्रण रहेको र व्यवस्थापन टिम पनि सक्षम रहेको विचार व्यक्त ।
- नबिल बैंकले निजी क्षेत्रका बैंकहरुमध्ये दीगो बैंकिङ र उत्कृष्ट सेवा दिने बैंकका रुपमा विगत ४१ वर्षदेखिको आफ्नो साखलाई कायम राखेको धारणा प्रस्तुत गर्दै यसलाई निरन्तर कायम राख्न सुझाव ।
- बैंकको कार्यसम्पादन तथा शेयरधनीहरुको ज्ञान आदान प्रदानका लागि क्रियाशिल शेयरधनीहरुसँग अर्धवार्षिक रुपमा छलफल कार्यक्रम गर्न आग्रह ।

NABIL BANK HEAD OFFICE Teendhara, Kathmandu

- लाभांश कम भएको गुनासो व्यक्त गर्दै आगामि वर्ष १० प्रतिशत वोनश शेयर र १० प्रतिशत नगद लाभांश दिन आग्रह ।
- वोनश शेयर वितरण नगरी किन १२.५ प्रतिशत नगद लाभांश मात्र वितरण भन्ने जिज्ञासा व्यक्त ।
- नगद लाभांशको सट्टा वोनश शेयर दिनुपर्ने धारणा व्यक्त ।
- शेयरधनीहरुबाट भुक्तानी लिन बाँकी लाभांशको भुक्तानीका लागि बैंकको तर्फबाट थप प्रयास गरिदिन आग्रह ।
- साधारणसभा ढिलो भएको धारणा व्यक्त गर्दै आगामी वर्ष पहिलो त्रैयमासभित्रै साधारण सभा सम्पन्न गर्न सुझाव व्यक्त ।
- बार्षिक प्रतिवेदनको आकार ठुलो भएको धारणा व्यक्त गर्दै वार्षिक प्रतिवेदन तयार गर्दा मितव्ययी हुन सुझाव ।
- प्रति शेयर आम्दानी घट्न गएको तर्फ ध्यानाकर्षण ।
- गतवर्षको साधारणसभा खर्चका सम्बन्धमा जिज्ञासा व्यक्त गर्दै सभालाई जानकारी गराउन आग्रह ।
- अन्य कम्पनीको साधारणसभासँग जुध्न गएकाले आगामी वर्ष ध्यान दिन सुझाव ।
- साधारण सभामा पेश गरिएको प्राप्ति/मर्जर सम्बन्धी विशेष प्रस्तावलाई पुन:विचार गर्न आग्रह ।
- मर्जर उपयुक्त नभएको धारणा राख्दै पूँजी वृद्धि गर्नुपर्ने भएमा अग्राधिकार शेयर र हकप्रद शेयर जारी गर्न अनुरोध ।
- विशेष प्रस्ताव नं.३ मा उल्लेखित मर्जर र प्राप्ति सम्बन्धी प्रस्ताव बैंकलाई साँच्चै नै आवश्यक भएर ल्याइएको हो वा अन्य कारणले हो भन्ने बारे प्रष्ट पारिदिन अनुरोध ।
- बैंक जमानत सम्बन्धी मुद्दा जितेर बैंक जमानतको रकम प्राप्त गर्न सकेकोमा बैंक व्यवस्थापनलाई धन्यवाद ज्ञापन ।
- बैंकले अन्तर्राष्ट्रिय स्तरमा आफ्नो उपस्थिती जनाउनुपर्ने सुझाव व्यक्त गर्दै विप्रेषणबाट उचित फाइदा लिन सुझाव ।
- विदेशी विनियम आम्दानीमा वृद्धि गर्न सुझाव ।
- डिजिटल बैंकिङ सेवामा केन्द्रित भएकोमा खुशी व्यक्त ।
- शाखा विस्तार नगरी Digital माध्यमबाट सेवा विस्तार गर्न सुझाव ।
- अनुसन्धान र विकास सम्बन्धी विभाग गठन गरेर कार्य गर्न सुझाव ।
- कर्जा असुलीमा विशेष ध्यान दिँदै आगामी वर्ष शेयरधनीलाई अझ बढी प्रतिफल दिनुपर्ने सुझाव व्यक्त ।
- गैह्र बैंकिङ सम्पत्ति बढ्दै गएको हुँदा त्यसको उचित व्यवस्थापनमा ध्यान दिनुपर्ने सुझाव प्रस्तुत ।
- खराब कर्जा बृद्धी भईरहेको जानकारी गराउँदै खराव कर्जा व्यवस्थापनमा तथा कर्जा असुलीलाई ध्यान केन्द्रीत गर्न सुझाव व्यक्त गर्दै यस आर्थिक वर्षलाई असुली वर्षको रुपमा सञ्चालन गरी आम्दानी वृद्धि गर्न सुझाव व्यक्त ।

NABIL BANK HEAD OFFICE Teendhara, Kathmandu

- समग्र बैंकिङ्ग क्षेत्रमा गैर बैंकिङ्ग सम्पत्तिमा बृद्धि भएको हुँदा नेपाल राष्ट्र बैंकलाई सम्पत्ति व्यवस्थापन (Assets Mangement) कम्पनी स्थापना गर्न दबाब दिनुपर्ने धारणा व्यक्त ।
- कर्जा अपलेखन निरुत्साहित गर्न सुझाव ।
- खुद मुनाफा बढ्न नसकेकोमा चिन्ता व्यक्त गर्दै त्यसलाई बढाउने गरी कार्य सम्पादन गर्नुपर्ने धारणा व्यक्त ।
- Spread Rate मा सुधार गर्ने गरी रणनीति बनाउनुपर्ने सुझाव व्यक्त ।
- बजार चलायमान बनाउन बैंकले सहयोग गर्नुपर्ने धारणा व्यक्त ।
- ७० वर्ष भन्दा बढी उमेर भएका शेयरधनीहरुलाई निक्षेपमा १ प्रतिशत थप व्याज दिने गरी निक्षेप खाता सञ्चालनमा ल्याउन आग्रह ।
- ग्राहक मनोरञ्जन शिर्षक अन्तर्गतको खर्चको सम्बन्धमा जिज्ञासा व्यक्त ।
- सञ्चालन खर्चमा मितव्ययी हुनुपर्ने धारणा व्यक्त ।
- सञ्चालक समितिको खर्च तथा कानूनी खर्चमा वृद्धि भएको धारणा व्यक्त ।
- बैंक सञ्चालनका क्रममा धेरै गुनासोहरु आएको प्रतिवेदनमा उल्लेख भएको हुँदा गुनासो सम्बोधन गर्ने मात्र नभई गुनासो नआउने गरी काम गर्न सुझाव व्यक्त ।
- स्वीकृत भई वितरण गर्न बाँकी रहेको कर्जाको वितरणमा ध्यान केन्द्रीत गर्न आग्रह ।
- बैंकिङ्ग क्षेत्र र धितोपत्र बजारको गति/उतारचढावका सम्बन्धमा जानकारी गराईदिनुहुन अनुरोध ।
- लेखा परीक्षण समितिको संयोजकमा नेपाली एवं स्वतन्त्र सञ्चालक राख्नुपर्ने धारणा व्यक्त गर्दै लेखा परीक्षण समिति पटक पटक पुर्नगठन गरिएको सम्बन्धमा जिज्ञासा व्यक्त ।
- लेखापरीक्षकको पारिश्रमिकको हकमा पारिश्रमिक यथावत नै कायम गर्न सुझाव ।
- चालु आर्थिक वर्षको प्रथम त्रैमासमा मुनाफा अघिल्लो वर्षको तुलनामा घट्न गएको भएतापनि आगामी त्रैमासमा यसमा उल्लेख्य सुधार हुने धारणा व्यक्त ।
- संस्थापक सामाजिक उत्तरदायित्व अन्तर्गत गरिने खर्च रकम भाद्र २४ गते घटेको घटनाबाट ध्वस्त भएका सरकारी संरचनाहरुको पुनःनिर्माण गर्न सरकारले स्थापना गरेको राष्ट्रिय पुननिर्माण कोषमा समेत सहयोग गर्न आग्रह ।
- संस्थागत सामाजिक उत्तरदायित्वका क्षेत्रमा नबिल बैंकले गरेका कार्यहरुको उल्लेख्य रुपमा प्रशंसा गर्दै साधारणसभाको विहान सम्पन्न Nabil School Of Enterprenurship (NSSE) को कार्यक्रम मार्फत बैंकले रोजगार सिर्जना गर्न सकेकोमा आभार व्यक्त ।
- विभिन्न समयमा भएका आन्दोलन हुलदंगा आगजानी आदीबाट व्यक्तिगत सम्पत्तिहरुमा समेत क्षती पुग्न गएको हुँदा बैंकको लगानी भएका सम्पत्तिहरुको वीमा गर्न सुझाब ।

NABIL BANK HEAD OFFICE Teendhara, Kathmandu

**११. सभामा शेयरधनी महानुभावहरुले प्रकट गर्नु भएको जिज्ञासा एवं प्रश्नहरुको अध्यक्षले दिनु भएको जवाफ :**

शेयरधनी महानुभावहरुले बैंकप्रति दर्शाउनु भएको सद्भाव र आजको साधारणसभामा उत्साहपूर्वक भाग लिएर विभिन्न सुझाव एवं मार्गदर्शन दिनुभएकोमा धन्यवाद ज्ञापन गर्नुभयो । साथै, साधारणसभामा शेयरधनी महानुभावहरुले उठाउनुभएका विभिन्न विषय तथा जिज्ञासाको क्रमशः जवाफ दिनुभयो । सभाध्यक्ष श्री पौडेलले सुक्ष्म तथा बृहत आर्थिक अवस्था सन्तोषजनक नभएको अवस्थामा समेत शेयरधनी महानुभावहरुलाई १२.५ प्रतिशत नगद लाभांश दिन सकेको सभासमक्ष जानकारी गराउनुभयो । प्राप्ति/मर्जर पश्चात्को अप्रत्याशित पूँजीगत लाभकर तथा कर्जा नोक्सानी व्यवस्थामा बृद्धि हुन गएको हुँदा सोचेजस्तो लाभांश दिन नसकेको जानकारी गराउनुभयो । विश्वव्यापी रुपमा लाभांशको मात्रालाई हेर्ने हो भने लाभांश तुलनायोग्य रहेको धारणा व्यक्त । कर्जा असुलीलाई लिएर बजारमा बैंकका कर्मचारीलाई धम्काउने थर्काउने तथा कर्जा तिर्न नपर्ने भन्ने लगायतका गतिविधिका कारण कर्जा असुलीमा समस्या भइरहेको जानकारी गराउँदै यसमा शेयरधनीहरुले सहयोग गर्नुपर्ने धारणा व्यक्त । वर्तमान अवस्था अत्यन्तै चुनौतीपूर्ण भएको हुँदा खराव कर्जा बृद्धि हुन गएकोले मुनाफा प्रभावित हुन गएको सभालाई जानकारी गराउनुभयो । बजारमा भएको अत्याधिक तरलताको कारण कर्जामा बृद्धि सोचेजस्तो नभएको हुँदा मुनाफा प्रभावित भएको समेत जानकारी गराउनुभयो । वार्षिक प्रतिवेदन ठूलो भएको सम्बन्धमा जानकारी गराउँदै बैंकले Disclosure का साथ साथै South Asia मा Best Presented Award का लागि तयार गरिएको हुँदा आकारमा ठूलो हुनु स्वभाविक रहेको धारणा व्यक्त गर्दै बैंकले गतवर्ष South Association Federation of Accountants (SAFA) बाट SAFA Best Presented Awards-Merit प्राप्त गरेको सभासमक्ष पुनः जानकारी गराउनुभयो । निर्माण व्यवसाय क्षेत्रतर्फको कर्जामा दवावको सामना गरिरहेको समेत सभालाई जानकारी गराउनुभयो । संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धमा सभामा व्यक्त जिज्ञासालाई सम्बोधन गर्दै बैंकले नेपाल राष्ट्र बैंकको नीति निर्देशनको अधिनमा रही संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी क्रियाकलापहरु संचालन गरिरहेको र नितान्त पारदर्शी रुपमा यस्ता कार्यक्रमहरु सञ्चालन हुने जानकारी गराउँदै बैंकको संस्थागत सामाजिक उत्तरदायित्व नेपाल राष्ट्र बैंकको अधिनमा रही प्रभावकारी तथा मानिसको जीवनस्तरमा सुधार गर्ने किसिमको हुनुपर्ने धारण व्यक्त गर्नुभयो । साथै, साधारणसभाकै दिन बैंकले गरेको NSSE कार्यक्रमका सम्बन्धमा धेरै शेयरधनीहरु उपस्थित भई यस्ता कार्यक्रमको निरन्तरताका लागि अनुरोध गर्नुभएको समेत सभासमक्ष जानकारी गराउनुभयो । साधारणसभा ढिलो भएको सभामा व्यक्त गुनासोलाई सम्बोधन गर्दै आगामी वर्ष सकेसम्म चाँडो साधारणसभा गर्ने गरी अघि बढ्न व्यवस्थापनलाई निर्देशन दिएको जानकारी गराउनुभयो । वर्षिक प्रतिवेदनमा उल्लेख गरिएको गुनासोको संख्याका सम्बन्धमा सभामा व्यक्त जिज्ञासालाई सम्बोधन गर्दै ग्राहक हित संरक्षणमा बैंक सचेत रहेको र उहाँहरुको अधिकारलाई यथोचित सम्वोधन गरिदैं आएको र बैंकले पारदर्शी रुपमा गुनासोको अभिलेख राख्नुका साथै गुनासोहरुको यथोचित सम्वोधन गर्ने गरिएको जानकारी गराउनुभयो । व्यक्तिगत जमानीमा मात्र कर्जा प्रवाह गरिएको सम्बन्धमा सभामा व्यक्त जिज्ञासालाई सम्बोधन गर्दै त्यस्ता कर्जाहरु क्रेडिट कार्ड, फोन लोन तथा प्रोफेशनल लोन अन्तर्गतका

NABIL BANK HEAD OFFICE Teendhara, Kathmandu

कर्जा भएको जानकारी गराउँदै ऋणीको ऋण तिर्ने क्षमता र नेपाल राष्ट्र बैंकको निर्देशन एवं बैंकको नीति नियम अन्तर्गत लगानी गरिएको र बैंकका कर्मचारी दक्ष रहेको हुँदा यसतर्फ निश्चिन्त रहन आग्रह । साथै, उद्यमशीलताको विकास तथा Start-up का लागि समेत विना धितो कर्जा दिनुपर्ने धारणा राख्नुभयो । बैंकिङ्ग क्षेत्र थप असहज हुन जाने, Geo Political Tension, Russia-Ukraine युद्ध का कारण असहज परिस्थिति सिर्जना भएको/ हुनजाने र नेपाली राजनैतिक अवस्था सुधार नभएसम्म यो निरन्तर रहने धारणा व्यक्त । वित्तीय पारदर्शिताका सम्बन्धमा सभामा व्यक्त जिज्ञासालाई वित्तीय विवरणलाई आन्तरिक लेखापरीक्षक र वाह्य लेखापरीक्षकले हेर्नुका साथै नियमन प्रावधान अनुसार गर्नुपर्ने सूचना तथा जानकारी दिइएको हुँदा यस सम्बन्धमा थप बुझ्न चाहने शेयरधनीहरुले बैंकमा सम्पर्क गरी जानकारी लिन सकिने व्यवस्था रहेको जानकारी गराउनु भयो । बजार चलायमान गराउन सभामा व्यक्त सुझावलाई सम्बोधन गर्दै बैंकले बजारलाई समेत ध्यानमा राखि नगद लाभांश दिएको जानकारी गराउनु भयो । उचित रणनीतिका साथ अनुपालना तथा जोखिम व्यवस्थापन तथा Risk Culture लाई बढावा दिंदै दिर्घकालिन सोच राख्दै अघि बढिरहेको धारणा व्यक्त गर्दै आगामी दिनमा अझ ससक्त रुपमा कार्य सम्पादन गर्दै लाभांश वृद्धि गर्न प्रयास गरिने प्रतिवद्धता सभाध्यक्षले सभासमक्ष जानकारी गराउनुभयो । तत् पश्चात् अध्यक्षज्यूले प्रमुख कार्यकारी अधिकृत श्री मनोज कुमार ज्ञवालीलाई आफ्ना केही भनाई, प्रतिक्रिया तथा प्रतिवद्धता भए सभालाई जानकारी गराउन अनुरोध गर्नुभयो ।

प्रमुख कार्यकारी अधिकृत श्री मनोज कुमार ज्ञवालीले शेयरधनीहरुले बैंकको कार्य सम्पादन लगायतका विषयका सम्बन्धमा दिनुभएको मन्तब्य, सुझाव एव जिज्ञासाका लागि धन्यवाद दिनुभयो । प्रमुख कार्यकारी अधिकृतले देहाय बमोजिम सभालाई सम्बोधन गर्नुभयो ।

उत्पादनशिल क्षेत्रमा बैंकको लगानी बृद्धि गर्न सभामा व्यक्त सुझावलाई मनन गर्दै बैंकले उत्पादनशिल क्षेत्रमा कर्जा बृद्धि गर्न लागिपरेको र आफ्ना सेवाहरुलाई सोही अनुकुल परिस्कृत गर्दै लगेको जानकारी गराउँदै आगामी दिनमा त्यसतर्फ थप बिचार गरिने धारणा व्यक्त । Impairment Charges बढीरहेको भनि सभामा व्यक्त जिज्ञासालाई सम्बोधन गर्दै बैंक त्यस तर्फ सजग रहेको र त्यसका लागि रणनीति तयार गरी रणनीति अनुसार अघि बढिरहेको हुँदा शेयरधनी महानुभावहरुलाई बढी भन्दा बढी प्रतिफल दिन प्रयत्न गरिने जानकारी गराउनुभयो । बैंकले कर्जा प्रवाह गर्दा हदैसम्मको Prudence अवलम्बन गर्दा गर्दै बैंकको गैर बैंकिङ्ग सम्पत्ति बढ्न जानुमा प्रमुखतः अर्थव्यवस्थामा आएको शिथिलता हो । अर्थ व्यवस्थाले गति लिन थालेसँगै Provision Write Back हुने अपेक्षा व्यक्त गर्नुभयो । साथै, कर्जा जोखिम व्यवस्था घटिरहेको र गैर बैंकिङ्ग सम्पत्तिको व्यवस्थापनमा ध्यान केन्द्रीत गरिरहेको जानकारी गराउँदै यसको प्रगति आगामी प्रतिवेदनहरुबाट जानकारी हुने सभालाई वताउनुभयो । कर्मचारी खर्च र शाखा सञ्चालन खर्च बढिरहेको भनि सभामा व्यक्त सुझावलाई मनन गर्दै कर्मचारी खर्च सामुहिक माग दाविका कारण बृद्धि हुन गएको जानकारी गराउँदै शाखाहरुसँग सम्बन्धी खर्च व्यवस्थापनका लागि शाखाहरुको concentration भएको स्थानहरु पहिचान गरी शाखाहरु समायोजन गरी सञ्चालन प्रभावकारी बनाई मुनाफामा बृद्धि गर्न

NABIL BANK HEAD OFFICE Teendhara, Kathmandu

प्रयास गरिरहेको जानकारी गराउनुभयो । यसका लागि योजना समेत तयार गरिसकेको र तीन महिनाभित्र कार्यान्वयनमा जानेगरी काम गरिएको जानकारी गराउनुभयो । NII घट्न गएको भन्ने सभामा व्यक्त गुनासोलाई सम्बोधन गर्दै औसत व्याजदर अन्तरको छुट प्राप्ति पश्चात सकिएको हुँदा गत आ.व.मा ४ प्रतिशत औसत व्याजदर अन्तर कायम गर्नुपरेको कारण व्याजदर अन्तर गर्न मात्र सकिएको र चालु आ.व.मा समेत अध्याधिक तरलताका कारण NII र CD Ratio प्रभावित बनेको सभासमक्ष जानकारी गराउनुभयो । Dividend Payout घट्न गएको भन्ने सभामा व्यक्त गुनासोका सम्बन्धमा विगतमा शेयरधनी महानुभावहरुलाई दिइएको वोनश शेयरको बृद्धि सम्बन्धी जानकारी गराउँदै त्यसकारण पूँजी वृद्धि हुनगएको हुँदा Dividend Payout घट्न गएको भएतापनि समग्रमा गत वर्षभन्दा २५ प्रतिशतले वृद्धि भएको जानकारी गराउनुभयो । साविकमा मुनाफाभन्दा बढी लाभांश दिएको हाल नदिएको भन्ने सभामा व्यक्त जिज्ञासालाई सम्बोधन गर्दै बैंकले साविकमा मर्जर/प्राप्तिबाट आएको Capital Reserve समेतबाट बोनश शेयर/लाभांश बाँडिएको जानकारी गराउनुभयो । जनवादी गणतन्त्र चीनको बैंकबाट प्राप्त हुनुपर्ने बैंक जमानतको रकम बैंकले प्राप्त गरको हुँदा सो रकमले समेत बैंकको मुनाफामा बृद्धि हुने जानकारी गराउनुभयो । Dividend Payout निरन्तर रुपमा बृद्धि गरिदै लगिने सभासमक्ष जानकारी गराउनुभयो । साधारणसभामा पेश गरिएको मर्जर/प्राप्ति सम्बन्धी विशेष प्रस्तावका सम्बन्धमा सभामा व्यक्त जिज्ञासालाई सम्बोधन गर्दै भविष्यमा शेयरधनीका लागि हित हुने गरी कुनै प्रस्ताव आएमा वा प्रतिफल बृद्धि हुने गरी सरकारले कुनै छुट दिएमा मात्र शेयरधनी सुविधाबाट बञ्चित हुन नपरोस र पुन: विशेष साधारणसभा बस्न नपरोस भनि विकल्पको रुपमा यो प्रस्ताव ल्याईएको जानकारी गराउँदै यथास्थितिमा कुनै मर्जर/प्राप्तिको लागि अघि नबढ्ने जानकारी गराउनुभयो । खराव कर्जा बृद्धि भएको र यस आर्थिक वर्षलाई Year of Recovery को रुपमा लिन सभा व्यक्त सुझावलाई मनन गर्दै बैंकले यस बर्षलाई Year of Recovery को रुपमा लिई असुलीलाई मुख्य प्राथमिकतामा राखि रणनीति तयार गरि अघि वढिरहेको भन्दै बैंकका प्रयासहरुको संक्षिप्त जानकारी गराउनुभयो । साधारणसभा ढिला हुन गएको भन्ने सभामा व्यक्त गुनासोलाई सम्बोधन गर्दै बैंकले पूँजी व्यवस्थापनका लागि बैंकले हालै जारी गरेको Perpetual Non Cumulative Preference Share (PNCPS) को स्वीकृतीका लागि उल्लेख्य समय लाग्न गएकोले साधारणसभा ढिला हुन गएको जानकारी गराउँदैं PNCPS बाँडफाड हुनसाथ बैंकले साधारणसभा आव्हान गरेको वताउनुभयो । साथै, आगामी साधारणसभा जतिसक्दो चाँडो अर्थात सकेसम्म प्रथम त्रैमासिक भित्रै सम्पन्न गर्नेगरी कार्य अगाडि बढाइएको र त्यसैगरी बैंकका सम्पूर्ण विभागलाई निर्देशन समेत दिइएको सभासमक्ष जानकारी गराउनुभयो । साधारणसभा खर्चका सम्बन्धमा सभामा व्यक्त जिज्ञासालाई सम्बोधन गर्दै गत आ.व.मा बैंकले विशेष साधारणसभा र वार्षिक साधारणसभा सम्पन्न गरेको हुँदा अन्य वर्षको तुलनामा बैंकको साधारण सभा खर्च वृद्धि भएको सभासमक्ष जानकारी गराउँदै खर्चका सम्बन्धमा बैंक सचेत रहेको र त्यसमा कुनै अनियमितता नभएको एवं शेयरधनीले उक्त खर्चका सम्बन्धमा बिस्तृत जानकारी लिन चाहेमा बैंकमा सम्पर्क गर्न सकिने सभालाई जानकारी गराउनुभयो । धितो नभएको कर्जाका सम्बन्धमा सभामा व्यक्त जिज्ञासालाई सम्बोधन गर्दै उक्त कर्जा क्रेडिट कार्ड, फोन लोन तथा प्रोफेशनल कर्जा अन्तर्गतका कर्जा भएको र यसमा खराब कर्जाको प्रतिशत न्यून रहेको

NABIL BANK HEAD OFFICE Teendhara, Kathmandu

जानकारी गराउँदै जथाभावि कर्जा वितरण नभएको सभासमक्ष जानकारी गराउनुभयो । बैंक उपरको गुनासोको सम्बन्धमा बैंकले सकेसम्म गुनासो नआओस भनी आफ्नो कार्यसम्पादनमा ध्यान दिइरहेको र साना भन्दा साना गुनासो समेत अभिलेख राख्ने गरेका कारण गुनासो धेरै देखिएको जानकारी गराउँदै गुनासोको तत्काले उचित सम्बोधन गर्ने गरी संयन्त्र तयार पारिएको र गुनासो घटाउँदै जाने प्रतिवद्धता व्यक्त गर्नुभयो । संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी खर्चका सम्बन्धमा सभामा व्यक्त जिज्ञासाको सम्बोधन गर्दै बैंकले यस अन्तर्गत अत्यन्तै अनुशासनमा रही संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम सञ्चालन गरेको जानकारी गराउन्का साथै नबिल एसएसई अन्तर्गत उद्यमशिलता बिकासमा प्राथमिकता दिई रकम खर्च गरिएको भएतापनि अन्यतर्फ योग्य कार्यक्रमहरुमा मात्र खर्च गरिएको हुँदा सम्पुर्ण रकम खर्च गर्न नसकिएको र यस सम्बन्धमा प्रभावकारिता सम्बन्धी प्रतिवेदन तयार गरी नेपाल राष्ट्र बैंकमा समेत पेश गरिएको सभालाई बताउनुभयो । ग्राहक मनोरञ्जन खर्चका सम्बन्धमा सभामा व्यक्त जिज्ञासालाई सम्बोधन गर्दै बैंकको शाखा सञ्जाल आदीलाई मध्येनजर गर्दा बैंक यस सम्बन्धमा अत्यन्तै मितव्ययी रहेको धारणा व्यक्त गर्दै आवश्यता अनुरुप मात्र खर्च गरिएको व्यहोरा आश्वस्त हुन आग्रह गर्नुभयो । कर्जा अपलेखन गर्दा ब्याज नउठ्ने गरेको हुँदा कर्जा अपलेखन नगर्न सभामा व्यक्त सुझावलाई सम्बोधन गर्दै बैंकको सञ्चालक समिति कर्जा अपलेखनमा सम्बन्धमा अत्यन्तै गम्भीर रहेको र अपलेखन गरिएको कर्जाको असुलीका लागि छुट्टै अपलेखन गरिएको कर्जा असुली इकाई समेत खडा गरी व्याज समेत असुल उपर गर्ने गरिएको र बैंकको असुली निरन्तर भईरहेको जानकारी गराउनु भयो । चालु आ.व. अपलेखित कर्जाबाट भएको असुलीका सम्बन्धमा आगामी साधारणसभामा जानकारी हुने वताउनुभयो । शेयरधनी, सञ्चालक, व्यवस्थापन, कर्मचारी एउटै परिवार भएकोले परिवारमा जस्तै एक अर्काप्रति आदारभाव प्रकट गर्नुपर्ने र बैंक यसतर्फ सचेत रहेको धारणा व्यक्त । शेयरधनीहरुको सुझावका लागि धन्यवाद व्यक्त गर्दै शेयरधनीहरुले दिनुभएको हौसला सुझाव ग्रहण गर्दै आगामी दिनमा समेत अझ राम्रो गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो । उहाँले बैंकको कार्य सम्पादनमा कुनै कमी आउन नदिने प्रतिवद्धता व्यक्त गर्दै शेयरधनीहरुले प्राप्त गर्ने प्रतिफलमा कमी आउन नदिने प्रयास गरिने जानकारी गराउनुभयो । आजको साधारण सभामा प्राप्त भएका सम्पूर्ण मार्गदर्शन तथा सुझाव एवं व्यवस्थापनप्रतिको विश्वासका लागि शेयरधनी महानुभावहरु, अध्यक्षज्यू, लगायत सम्पूर्ण सञ्चालक समिति प्रति धन्यवाद तथा कृतज्ञता ज्ञापन गर्नुभयो ।

**१२. सभाको निर्णय :**

**(क) सामान्य प्रस्ताव तर्फ :**

**१. सञ्चालक समितिको प्रतिवेदन २०८१/८२ पारित गर्ने ।**

सभामा प्रस्तुत आ.व. २०८१/८२ को सञ्चालक समितिको प्रतिवेदन अध्यक्षबाट स्वीकृतिका लागि सभा समक्ष प्रस्ताव राखिएकोमा सभाले सर्वसम्मतिबाट आ.व. २०८१/८२ को सञ्चालक समितिको प्रतिवेदन पारित गर्‍यो ।

NABIL BANK HEAD OFFICE Teendhara, Kathmandu

२. **लेखा परीक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण तथा सोही मितिमा समाप्त आ.व. २०८१/८२ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु स्वीकृत गर्ने ।**

लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण तथा सोही मितिमा समाप्त आ.व.२०८१/८२ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु पारित गरियोस् भनी सभाध्यक्षबाट सभा समक्ष प्रस्ताव पेश गरिएकोमा सभाले वित्तीय अवस्थाको विवरण लगायतका सम्पूर्ण वित्तीय विवरणहरु सर्वसम्मतिबाट पारित गर्‍यो ।

३. **यस बैंकका सहायक कम्पनीहरु नबिल ईन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड र नबिल स्टक डिलर लि. को आ.व. २०८१/८२ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण स्वीकृत गर्ने ।**

बैंकका सहायक कम्पनीहरु नबिल ईन्भेष्टमेण्ट बैंकिङ्ग लि. र नबिल स्टक डिलर लि. को आ.व. २०८१/८२ को वित्तीय विवरण सहितको एकीकृत वित्तीय विवरण स्वीकृत गरियोस् भनी अध्यक्षबाट सभा समक्ष प्रस्ताव पेश गरिएकोमा सो एकीकृत वित्तीय विवरण सभाले सर्वसम्मतिबाट पारित गर्‍यो ।

४. **सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम साधारण शेयरधनीहरुलाई चुक्ता पूँजीको १२.५० प्रतिशत नगद लाभांश (नगद लाभांशमा लाग्ने कर समेत) ले हुने रकम रू.३,३८,२१,२४,५९१/१३ (अक्षरेपी तीन अर्ब अठतीस करोड एक्काईस लाख चौबिस हजार पाँच सय एकानब्बे रुपैँया र तेह्र पैसा मात्र) वितरण गर्ने ।**

सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम साधारण शेयरधनीहरुलाई चुक्ता पूँजीको १२.५० प्रतिशत नगद लाभांश (नगद लाभांशमा लाग्ने कर समेत) ले हुने रकम रू.३,३८,२१,२४,५९१/१३ (अक्षरेपी तीन अर्ब अठतीस करोड एक्काईस लाख चौबिस हजार पाँच सय एकानब्बे रुपैँया र तेह्र पैसा मात्र) वितरण गर्न स्वीकृतिको निमित्त अध्यक्षबाट सभा समक्ष प्रस्ताव पेश गरिएकोमा सभाले सर्वसम्मतिबाट प्रस्ताव स्वीकृत गर्‍यो ।

५. **आ.व. २०८२/८३ (सन् २०२५/२६) का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।**

कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को व्यवस्था अनुसार आ.व. २०८२/८३ का लागि लेखापरीक्षक नियुक्त गरी निजको पारिश्रमिक निर्धारण गरियोस् भनी अध्यक्षले सभासमक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले लेखापरीक्षण समितिको सिफारिस बमोजिम एफसिए श्री ज्ञानेन्द्र बहादुर भारी, साझेदार, B.R.S.

NABIL BANK HEAD OFFICE Teendhara, Kathmandu

Neupane and Associates, Chartered Accountants लाई लेखापरीक्षकमा पुनः नियुक्त गर्न र पारिश्रमिक स्वरुप रु.४४,१२,६५०/- (अक्षरेपी चवालीस लाख बाह्र हजार छ सय पचास मात्र) (मुल्य अभिवृद्धि कर सहित) निर्धारण गरी सोको अनुमोदन गर्ने प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत गऱ्यो ।

६. **स्वतन्त्र सञ्चालक नियुक्तीको जानकारी सम्बन्धमा (बैंक सञ्चालक समितिको मिति २०८१/१०/१४ मा सम्पन्न बैंकको ६७३औं वैठकले स्वतन्त्र सञ्चालकमा श्री सरिता भट्ट अधिकारीलाई ४ वर्षको लागि नियुक्त गरेको) ।**

सामान्य प्रस्ताव अन्तर्गत बैंक सञ्चालक समितिको मिति २०८१/१०/१४ मा सम्पन्न बैंकको ६७३औं वैठकले स्वतन्त्र सञ्चालकमा श्री सरिता भट्ट अधिकारीलाई ४ वर्षको लागि नियुक्त गरेको सभाध्यक्षले सभासमक्ष जानकारी गराउनुभएकोमा सभाले स्वतन्त्र सञ्चालमा श्री सरिता भट्ट अधिकारीको नियुक्ती जानकारीमा लियो ।

७. **संस्थापक शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पद एक (१) को निर्वाचन गर्ने ।**

उपरोक्त प्रस्तावका सम्बन्धमा बैंकको नियमावली अनुसार संस्थापक शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पद १ (एक) को निर्वाचनका सम्बन्धमा आवश्यक जानकारी गराइदिन निर्वाचन अधिकृत अधिवक्ता वासुदेव रिजाललाई अनुरोध गर्नुभयो । निर्वाचन अधिकृतले निर्वाचन सम्बन्धमा प्रकाशित निर्वाचन तालिका बमोजिम सम्पन्न भएका विभिन्न कार्यहरुको विस्तृत जानकारी दिँदै उम्मेद्वारी मनोनयनका लागि निर्धारित समयावधिभित्र संस्थापक शेयरधनीहरुको प्रतिनिधित्व गर्दै बैंकका संस्थापक शेयरधनी एन.वी.(इन्टरनेशनल) लिमिटेड,आयरल्याडका प्रतिनिधि श्री अनिल केशरी शाहबाहेक अन्य कसैको पनि उम्मेदवारी नपरेकाले उहाँ निर्विरोध निर्वाचित हुनुभएको व्यहोरा सभालाई जानकारी गराउँदै निर्विरोध निर्वाचित श्री शाहजूलाई बधाई ज्ञापन गर्दै प्रमाणपत्र प्रदान गर्नुभयो । साथै, नवनिर्वाचित सञ्चालकलाई सभाध्यक्ष तथा अन्य सञ्चालकहरु र प्रमुख कार्यकारी अधिकृत एंव सभामा उपस्थित सबैले बधाई ज्ञापन गर्दै स्वागत गर्नुभयो ।

**(ख) विशेष प्रस्ताव तर्फ :**

१. **आ.व. २०८१/८२ मा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भएको खर्च कम्पनी ऐन, २०६३ को दफा १०५(१)(ग) को प्रयोजनका लागि अनुमोदन गर्ने ।**

आ.व. २०८१/८२ मा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भएको खर्च रू. ६,७५,३६,८८५/- कम्पनी ऐन, २०६३ को दफा १०५(१)(ग) को प्रयोजनका लागि अनुमोदन

NABIL BANK HEAD OFFICE Teendhara, Kathmandu

गर्न अध्यक्षले सभा समक्ष विशेष प्रस्ताव पेश गर्नुभएकोमा सभाले सर्वसम्मतिबाट सो को स्वीकृती तथा अनुमोदन गऱ्यो ।

२. **बैंकको नियमावलीको नियम २क(छ), ४(४), ६(२), २१(३), ३१(३) र ४१(२५) मा रहेको विद्यमान व्यवस्थामा आवश्यक संशोधन स्वीकृत गर्ने तथा प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट फेरबदलको सुझाव प्राप्त भएमा आवश्यक परिमार्जन तथा समायोजन गर्न सञ्चालक समिति (वा समितिले तोकेको व्यक्ति) लाई अख्तियारी दिने ।**

बैंकको नियमावलीको नियम २क(छ), ४(४), ६(२), २१(३), ३१(३) र ४१(२५) मा रहेको विद्यमान व्यवस्थामा आवश्यक संशोधन स्वीकृत गर्न अध्यक्षबाट सभा समक्ष विशेष प्रस्ताव पेश गरिएकोमा सभाले उल्लिखित सम्पूर्ण विशेष प्रस्तावहरु तपसील बमोजिम सर्वसम्मतिबाट पारित गऱ्यो:

**नियमावलीमा संशोधन :**

◎ **नियमावलीको नियम २क(छ))लाई देहाय बमोजिम संशोधन गर्ने :**
"सञ्चालक" भन्नाले तत्कालीन बहाल रहेका समितिको सदस्य सम्झनु पर्छ र सो शव्दले अध्यक्ष तथा वैकल्पिक सञ्चालक समेतलाई जनाउनेछ ।

◎ **नियमावलीको नियम ४(४) लाई देहाय बमोजिम संशोधन गर्ने :**

उपनियम (३) बमोजिम अध्यक्षले समितिको बैठक गराई साधारण सभा नबोलाएमा वा अध्यक्षले बैंक छाडी सम्पर्कविहीन भएमा वा निज देश बाहिर रहे बसेमा वा काबु बाहिरको परिस्थितिले निजले समितिको बैठक तथा साधारण सभामा उपस्थित हुन नसक्ने अवस्था भएमा समितिको कम्तीमा ५१ (एकाउन्न) प्रतिशत सदस्य उपस्थित भई कारण खुलाई साधारण सभा बस्ने निर्णय गर्न सक्ने छन् । यसरी गरिएको निर्णयलाई राष्ट्रिय दैनिक पत्रिकामा सार्वजनिक रुपले प्रकाशन गरी साधारण सभा बस्ने सम्बन्धमा शेयरधनीहरुलाई सूचना गरिनेछ ।

◎ **नियमावलीको नियम ६(२) लाई देहाय बमोजिम संशोधन गर्ने :**

सञ्चालक समितिको अध्यक्ष अनुपस्थित भएमा सञ्चालकहरुले आफु मध्येबाट मनोनित गरेको व्यक्तिले सभाको अध्यक्षता गर्नेछ ।

◎ **नियमावलीको नियम २१(३) लाई देहाय बमोजिम संशोधन गर्ने :**

सञ्चालक समितिले अध्यक्ष, प्रमुख कार्यकारी अधिकृत, सञ्चालक वा बैंकका अन्य अधिकृतहरुलाई समय समयमा आफ्नो सबै वा कुनै अधिकार प्रत्यायोजित गर्न सक्नेछ ।

NABIL BANK HEAD OFFICE Teendhara, Kathmandu

◎ **नियमावलीको नियम ३१(३) लाई देहाय बमोजिम संशोधन गर्ने :**

बैंकको कामको सिलसिलामा स्वदेशी तथा विदेशी सञ्चालकहरु देशभित्र वा विदेश भ्रमणमा जाँदा देहाय बमोजिमको दैनिक भत्ता तथा भ्रमण खर्च भुक्तानी दिईनेछ :

(क) प्रथम श्रेणीको यातायात सुविधा बिल बमोजिम

(ख) आवास तथा भोजनको निमित्त ५ तारे होटलको बिल बमोजिम

(ग) नेपाली नागरिक सञ्चालकको दैनिक भत्ता

१. नेपालभित्र ने.रु.४,०००/-

२. भारतमा भा.रु.४,०००/-

३. भारत बाहेक अन्य सार्क मुलकहरुमा अमेरिकी डलर १५०/-

४. बाँकी अन्य मुलुकहरुमा दैनिक अमेरिकी डलर २५०/-

**स्पष्टीकरण:**

विदेशी नागरिक सञ्चालकहरु बैंकको कार्यप्रयोजनका लागि नेपाल आउँदा निज सञ्चालकहरुलाई दैनिक भत्ता प्रदान गर्दा ग(३) बमोजिमको भुक्तनी गरिनेछ । सञ्चालकहरुको स्थायी ठेगानाको आधारमा सञ्चालकहरुलाई उल्लिखित भत्ता परिवर्त्य विदेशी मुद्रा अर्थात भारतिय रुपैयाँ वा अमेरिकी डलरमा भुक्तानी गरिनेछ ।

◎ **नियमावलीको नियम ४१(२५) लाई देहाय बमोजिम संशोधन गर्ने :**

बैंकका अध्यक्ष, पदाधिकारीहरु वा कर्मचारीले कुनै करारको कारणले वा कामले वा यस्तो हैसियतले वा आफ्नो कर्तव्य उचित ढंगले पूरा गर्दा निजहरुलाई परेको पूरा खर्च, नोक्सानी र भ्रमण तथा बस्ने खर्च समेत बैंकको कोषबाट भुक्तानी गर्ने सञ्चालकहरुको कर्तव्य हुनेछ ।

साथै, उपर्युक्त बमोजिम नियमावलीको संशोधनमा नियमनकारी निकाय(हरु) बाट फेरबदलको सुझाव प्राप्त भएमा आवश्यक समायोजन गर्न सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई अधिकार दिने समेत सभाले सर्वसम्मत निर्णय गऱ्यो ।

२. **नबिल बैंक लिमिटेड र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्था(हरु) एक आपसमा गाभ्न/गाभिन (मर्जर गर्न वा प्राप्ति (एक्विजिसन) गर्न तथा वैदेशिक रणनीतिक साझेदारीमा जान उपयुक्त देखिएमा बैंकको चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्यांकनका लागि मूल्यांकनकर्ता नियुक्त गर्न, गाभ्ने/गाभिने वा प्राप्ति गर्ने सम्बन्धी सम्झौता गर्न, वैदेशिक साझेदारीमा जाने सम्बन्धी निर्णय गर्न तथा सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्य अगाडि बढाउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।**

NABIL BANK HEAD OFFICE Teendhara, Kathmandu

यस बैंक र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्था(हरु) एक आपसमा गाभ्न/गाभिन (मर्जर गर्न वा प्राप्ति (एक्विजिसन) गर्न तथा वैदेशिक रणनीतिक साझेदारीमा जान उपयुक्त देखिएमा बैंकको चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्याङ्कनका लागि मूल्याङ्कनकर्ता नियुक्त गर्न, गाभ्ने/गाभिने वा प्राप्ति गर्ने सम्बन्धी सम्झौता गर्न, वैदेशिक साझेदारीमा जाने सम्बन्धी निर्णय गर्न तथा सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्य अगाडि बढाउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्न अध्यक्षबाट सभा समक्ष विशेष प्रस्ताव पेश गरिएकोमा सभाले सो विशेष प्रस्ताव सर्वसम्मतिबाट पारित गऱ्यो ।

(ग) **विविध :**

यस अन्तर्गत छलफलको कुनै विषय नभएको ।

**१४. धन्यवाद ज्ञापन :**

सभामा छलफल तथा निर्णयको क्रम समाप्त भएपछि अध्यक्षले शेयरधनी महानुभावहरु सकारात्मक तथा सक्रिय रुपले सहभागी हुनु भई बैंकको प्रगतिका लागि आवश्यक मार्गदर्शन समेत प्रदान गरीदिनु भएकोमा तथा आजको ४१औं वार्षिक साधारणसभा सफलतापूर्वक सञ्चालन एवं सम्पन्न गर्न आफ्नो अमूल्य समय दिई उपस्थित हुनुभएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरु, लेखापरीक्षक, निर्वाचन अधिकृत, पर्यवेक्षक, आमन्त्रित व्यक्तित्वहरु, नियमनकारी निकायहरु लगायत यस सभाको सफलतापूर्वक सञ्चालनका लागि योगदान गर्नु हुने सम्बन्धित सबैलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

**१५. सभा विसर्जन**

तत्पश्चात् अध्यक्षले सभा सफलतापूर्वक सम्पन्न भएकोमा सबैलाई बधाई ज्ञापन गर्दै दिउँसो ०३ :२५ बजे ४१औं वार्षिक साधारणसभा विसर्जन गर्नुभयो ।

| | |
|---|---|
| ........................ | ........................ |
| **भिष्म नेउपाने** | **उपेन्द्र प्रसाद पौडेल** |
| **(कम्पनी सचिव)** | **(अध्यक्ष)** |